श्री ५ को सरकार,

## कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१८ सालको ऐन नं. १४

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपाल तारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम् ।

### नेपाल कम्पनी कानूनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– १९९३ सालको नेपाल कम्पनी कानूनको संशोधित र परिवर्तित संस्करण भनी जारी गरिएको २००७ सालको नेपाल कम्पनी कानून (यस पछि मूल ऐन भनिएको) लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम कम्पनी (संशोधन) ऐन, २०१८ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको परिभाषा र दफा १ मा संशोधनः– मूल ऐनको परिभाषा र दफा १ को सट्टा निम्नलिखित दफा १ र दफा १ क राखिएको छ ।

१. (१) यस ऐनको नाम कम्पनी ऐन, २००७ रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) सूचना जारी भएको मितिदेखि यो ऐन प्रारम्भ हुनेछ ।

परिभाषाः

१. क. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "कम्पनी" भन्नाले यो ऐन बमोजिम रजिष्टर भएको कम्पनी सम्झनु पर्छ ।

(ख) "प्राइभेट कम्पनी" भन्नाले आफ्नो शेयर (हिस्सा) सर्व-साधारण जसले पनि खरीद बिक्री गर्न पाउने तथा सदस्य-हरूको मञ्जूरी बेगर कम्पनीको शेयर, डिबेञ्चर अरू



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यक्तिका नाममा नामसारी हुन गर्न नपाउने बन्देज रहेर कम्पनीको सदस्यको संख्या घटीमा दुइ र बढीमा पचासभन्दा ननाघ्ने गरी रजिष्टर भएको कम्पनी सम्झनु पर्छ ।

(ग) "पब्लिक कम्पनी" भन्नाले कम्पनीको शेयर सर्वसाधारण जसले पनि खरीद विक्री गर्न र सदस्यहरूको स्वीकृति बेगर पनि कम्पनीको शेयर एका नामबाट अर्को नाममा नामसारी हुन गर्न पाउने गरी सात वा सो भन्दा बढी जतिसुकै व्यक्तिहरू भै रजिष्टर भएको कम्पनी सम्झनु पर्छ ।

(घ) "शेयर" भन्नाले कम्पनीको मूल पूंजी खण्ड भै दर तोकिएको हिस्सा सम्झनु पर्छ ।

(ङ) "लिमिटेड् कम्पनी" भन्नाले कम्पनीको शेयरमा तोकिएको रुपियांभन्दा बढी शेयरवालाले जवाफदेही गर्न नपर्ने बन्देज रहेको कम्पनी सम्झनु पर्छ ।

(च) "प्रबन्धपत्र" भन्नाले यो ऐन बमोजिम कम्पनीको उद्देश्य र अधिकारहरू लेखिएको लिखत सम्झनु पर्छ ।

(छ) कुनै कम्पनीको सम्बन्धमा "सदस्य" भन्नाले सो कम्पनीको शेयर खरीद गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ज) कुनै कम्पनीको सम्बन्धमा "नियमावली" भन्नाले यो ऐन बमोजिम सो कम्पनीको काम चला उन बनेको नियमहरू सम्झनु पर्छ ।

(झ) "डिबेञ्चर" भन्नाले कम्पनीको आय ज्यथा धितो वा जमानत राखी लिएका ऋणको तमसुक सम्झनु पर्छ ।

(ञ) "शेयरको प्रमाणपत्र" भन्नाले शेयरका ग्राहकहरूले कम्पनी-बाट पाउने शेयरको निस्सा सम्झनु पर्छ ।

(ट) "सञ्चालक" भन्नाले कुनै कम्पनीको काम चलाउनको निमित्त सो कम्पनीका शेयरवालाहरूले रोजी मुकरर गरेका व्यक्ति सम्झनु पर्छ ।

(ठ) "बिल अफ् एक्सचेंज" भन्नाले एक व्यक्तिले अर्को व्यक्तिलाई संबोधन गरी फलाना मितिमा वा लिन आएमा फलाना व्यक्ति वा सो लिई आउने व्यक्तिलाई यति रुपियां दिनु भनी दस्तखत गरी दिएको लिखत सम्झन पर्छ ।

(ड) "प्रोमीसरी नोट" भन्नाले एक व्यक्तिले अर्को व्यक्तिसंग

328

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बादा गरी यो लिई आउने व्यक्ति वा फलानालाई अथवा निजको मानिसलाई यति रुपियां फलाना मितिमा वा लिन-आएमा दिनेछु भनी दस्तखत गरी दिएको लिखत संझनुपर्छ।

(ढ) "तालुक अड्डा" भन्नाले श्री ५ को सरकारको उद्योग विभाग वा श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएको अरू विभाग सम्झनु पर्छ।

(ण) "पुरानो कम्पनी" भन्नाले १९९३ सालको नेपाल कम्पनी कानून बमोजिम रजिष्टर भएको कम्पनी सम्झनु पर्छ।

(त) "बीमा कम्पनी" भन्नाले बीमाको काम मात्र या अरू कामको साथ बीमाको काम पनि गर्ने बीमा कम्पनी संझनुपर्छ।

(थ) "मेनेजर" भन्नाले कुनै कम्पनीको सञ्चालक समितिको अधीनमा रही तिनीहरूले अह्राए बमोजिम सो कम्पनीको सबै कामको वरबन्दोबस्त गर्ने व्यक्ति सम्झनु पर्छ।

(द) "मेनेजिंग डाइरेक्टर वा मेनेजिंग एजेंट" भन्नाले कुनै कम्पनीको सञ्चालक समितिको अधीन र रेखदेखमा रही सो कम्पनीसंग गरेको पट्टा कबूलियत बमोजिम सो कम्पनीको सबै कामको वन्दोवस्त गर्ने अधिकार पाएका व्यक्ति वा फर्म वा कम्पनी सम्झनु पर्छ।

(ध) "मूल कम्पनी वा सहायक कम्पनी" भन्नाले कुनै पब्लिक लिमिटेड् कम्पनीले अर्को पब्लिक लिमिटेड् कम्पनीको विक्री गरिएका शेयरको सयकडा पचास वा सोभन्दा बढीको शेयर लिएकोमा शेयर खरीद गर्ने कम्पनीलाई मूल कम्पनी र शेयर विक्री गर्ने कम्पनीलाई सहायक (सब्सिडेरी) कम्पनी सम्झनु पर्छ।

३. मूल ऐनको दफा ४ मा संशोधनः– मूल ऐनको दफा ४ (ख) पछि निम्नलिखित दफा ४(ग) थपिएको छः–

(ग) यो ऐन प्रारम्भ भएका मितिले अघिल्लो दिनसम्म कायम रहेको पुरानो कम्पनी यस ऐन अन्तर्गत रजिष्टर भएको कम्पनी मानिनेछ।

४. मूल ऐनको दफा ७ मा संशोधनः– मूल ऐनको दफा ७ मा रहेको "अधिकार प्राप्त मूल धनको "शब्दहरूको सट्टा" जारी भएको पूंजी (इस्यूड् क्यापिटल) मध्ये" शब्दहरू राखिएको छ।

५. मूल ऐनको दफा ४२ मा संशोधनः– मूल ऐनको दफा ४२ (क) को देहाय १ मा

327

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रहेको "३ पुस्ते नाम" शब्दको पछाडि ("शेयर धनी व्यक्ति नभै श्री ५ को सरकार वा कुनै संस्था, फर्म वा कम्पनी भएमा ३ पुस्ते नचाहिने") शब्दहरू थपिएको छ।

६. मूल ऐनको दफा ६४ मा संशोधनः (१) मूल ऐनको दफा ६४ (क) मा "पांच शेयर-सम्म लिने सदस्यले एक भोट र पांचदेखि बढी जतिसुकै शेयर लिए पनि पूरा पांच शेयरको एक भोटका दरले उपल्लो २० (बीस) भोटसम्म दिन पाउंछ" शब्दहरूको सट्टा "सदस्यहरूले सभामा एक शेयरको एक भोटको हिसाबले भोट दिन पाउंछ" शब्दहरू राखिएको छ।

(२) मूल ऐनको दफा ६४(ग) को सट्टा निम्नलिखित दफा ६४(ग) राखिएको छः–

(ग) साधारण वा असाधारण सभामा कमसेकम ५० प्रतिशत सदस्य-हरू स्वयं वा प्रतिनिधिद्वारा उपस्थित नभै सभाको कार्य हुने-छैन। कोरम नपुगी साधारण वा असाधारण सभा स्थगित भएमा कमसेकम ७ दिनको सूचना दिई अर्को पटक सो सभा बोलाउंदा– जे जति उपस्थिति हुनेछ सोही कोरम मानिनेछ। तर यस्तो सभामा स्वयं उपस्थिति भएका सदस्यहरूको संख्या पब्लिक लिमिटेड् कम्पनीको हकमा पांच जना र प्राइभेट लिमिटेड् कम्प-नीको हकमा दुइजना भन्दा कम हुनुहुंदैन।

७. मूल ऐनको दफा ७१ मा संशोधनः मूल ऐनको दफा ७१(क) को आखिरमा निम्न-लिखित प्रतिबन्धात्मक वाक्यांश थपिएको छ।

तर श्री ५ को सरकार वा कुनै संस्था, फर्म वा कम्पनी शेयर धनी भएमा त्यसको प्रतिनिधित्व गरी सञ्चालक हुनेले शेयर लिन कर लाग्दैन।

८. मूल ऐनको दफा ९० मा संशोधनः (१) मूल ऐनको दफा ९०(क) को सट्टा निम्नलिखित दफा ९० (क) राखिएको छ।

(क) मेनेजिंग डाइरेक्टर वा एजेण्ट हुनेले कमसेकम कम्पनीको जारी भएको पूंजी (इस्यूड् क्यापिटल) को सयकडा पच्चीस (चुक्ता किस्ता) शेयर लिनुपर्छ र सो शेयर कम्पनीको काम सुचारु-रूपले चली कमसेकम ५ पटक लाभांश नबांडी अर्काको नाममा नामसारी गर्न वा खरीद विक्री गर्न वा धितोबन्धक राख्न हुंदैन। तर निज मेनेजिंग डाइरेक्टर वा एजेंटबाट हटिसकेपछि निजउ पर कम्पनीको बांकी बक्यौता नभएमा वा त्यस्तो बांकी बक्यौताबारे नेपाल कानूनको म्यादभित्र कुनै किसिमको मुद्दा मामिला नभएमा त्यस्तो नामसारी खरीद विक्री वा धितो बन्धक सम्बन्धी प्रतिबन्ध निज उपर लागू हुनेछैन।

३२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मूल ऐनको दफा ६० (ख) पछि निम्नलिखित प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

तर निज प्रमोटर संचालकबाट हटिसकेपछि निज उपर कम्पनीको कुनै बांकी बक्यौता नभएमा वा त्यस्तो बांकी बक्यौताबारे नेपाल कानूनको म्यादभित्र कुनै किसिमको मुद्दा मामिला नभएमा, त्यस्तो नामसारी, खरीद बिक्री वा धितो बन्धक सम्बन्धी प्रतिबन्ध निज उपर लागू हुनेछैन ।

९. मूल ऐनको दफा १२२ मा संशोधनः मूल ऐनको दफा १२२ (क) मा रहेको "मानिस" र लाई" शब्दको बीचमा "वा संस्था वा फर्म वा कम्पनी" शब्दहरू थपिएको छ ।

१०. मूल ऐनको दफा १२३ मा संशोधनः (१) मूल ऐनको दफा १२३ को देहाय ६ मा रहेको "लिलाम' शब्द र "गर्दा' शब्दको बीचमा "वा बिक्री" शब्दहरू थपिएको छ ।

(२) मूल ऐनको दफा १२३ को देहाय ६ पछि निम्नलिखित देहाय १० थपिएको छ ।

लिक्विडेशनमा गएको उद्योग सम्बन्धी कम्पनी देशहितको ख्याल राखी चालू राख्न तालुक अड्डालाई आवश्यक लागी कम्पनीको सम्पत्ति लिलाम वा बिक्री नभएसम्मलाई सो कम्पनीलाई लिक्विडेटरबाट चालू गराई राख्न चाहेमा लिक्विडेटर आफूले चालू गराई राख्नु पर्छ—————१०.

११. मूल ऐनको दफा १२५ मा संशोधनः मूल ऐनको दफा १२५ (ख) मा रहेको "अदालत" शब्दको सट्टा "तालुक अड्डा" शब्द राखिएको छ ।

१२. उद्योग विभागले गरेका काम कारवाइको मान्यताः यो ऐन प्रारम्भ भएका मितिले अघिल्लो दिनसम्म मूल ऐनमा लेखिएको तालुक अड्डाको हैसियतमा श्री ५ को सरकारको उद्योग विभागले गरेको सबै काम कारवाइ सोही ऐनमा लेखिएको तालुक अड्डाले गरेको मानिनेछ ।

१३. रूपान्तरः मूल ऐन र अन्य नेपाल कानूनमा "नेपाल कम्पनी कानून" र "कम्पनी कानून" भन्ने उल्लेख भएका ठाउँमा सो शब्दहरूको सट्टा "कम्पनी ऐन, २००७" "भन्ने शब्दहरू रहेको सम्झनु पर्छ ।

१४. बचाउः नेपाल अधिराज्यको संविधानको धारा ५५(४) अनुसार यो ऐन निस्क्रिय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानिई यो ऐन अन्तर्गत भए गरेकाकाम कुरामा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

लालमोहर सदर मिति २०१८।४।५।५ मा

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी,
श्री ५ को सरकारको सचिव,
कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय ।

गोरखापत्र छापाखानामा मुद्रित

३२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।